**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २८ मार्च २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- चुनाव आयोगले पश्चिम बंगालको मालदा जिल्लाका चार विधानसभा निर्वाचन क्षेत्रका लागि पुलिस पर्यवेक्षकलाई हटाएको छ।

- चुनाव आयोगले बंगाल पुलिसलाई राज्यमा लम्बित सबै गैर-जमानती पक्राउ वारन्टहरूलाई आगामी दश दिनभित्रमा निष्पादन गर्ने निर्देश दिएको छ।

- केन्द्रीय गृहमन्त्री अमित शाहले आज बंगालमा ममता ब्यानर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेस सरकारमाथि सुरक्षा संबंधी चूक र आर्थिक संकटको आरोप लगाउनु भएको छ।

- मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यका वरिष्ठ प्रशासनिक र पुलिस अधिकारीहरूको सरुवा चुनावलाई प्रभाव पार्ने भाजपा र चुनाव आयोगको षड्यन्त्रको हिस्सा भएको आरोप लगाउनु भएको छ।

- विश्व नाट्य दिवसको उपलक्ष्यमा वैष्णवी प्रोडक्सन दार्जीलिङ द्वारा आज एक विशेष कार्यक्रमको आयोजना गरियो।

**पश्चिम बंगाल – निर्वाचन आयोग**

चुनाव आयोगले पश्चिम बंगालको मालदा जिल्लाका चार विधानसभा निर्वाचन क्षेत्रका लागि पुलिस पर्यवेक्षकलाई हटाएको छ। तृणमूल कांग्रेसको गुनासोपछि, आयोगले अन्य क्याडरका आईपीएस अधिकारी हृदय कान्तलाई मानिकचक, मोथाबारी, सुजापुर र वैष्णवनगर विधानसभा निर्वाचन क्षेत्रका लागि नयाँ पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ। यसअघि जयन्त कान्तलाई यी सिटहरूको लागि पुलिस पर्यवेक्षकको रूपमा नियुक्त गरिएको थियो। तृणमूल कांग्रेसले उहाँको नियुक्तिको बारेमा आपत्ति जनाएको थियो।

**चुनाव आयोग- बंगाल पुलिस**

विधानसभा चुनाउलाई मध्यनजर राख्दै निर्वाचन आयोगले पश्चिम बंगाल पुलिस र कोलकाता पुलिसलाई राज्यमा लम्बित सबै गैर-जमानती पक्राउ वारन्टहरूलाई आगामी दश दिनभित्रमा निष्पादन गर्ने निर्देश दिएको छ। आयोगले यो पनि भनेको छ, यस्ता वारन्टसित सम्बन्धित मानिसहरूलाई यस अवधिभित्रमा पक्राउ गरियोस्। यसको साथै आयोगले राज्य तथा कोलकाता पुलिसलाई पछिल्लो चुनाउसित सम्बन्धित लम्बित आपराधिक मामिलाहरूलाई पनि चाँड़ै सुल्झाउने निर्देश दिएको छ। पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी कार्यालयका सूत्रहरु अनुसार आयोगले यो पनि स्पष्ट पारेको छ कि आदर्श आचार संहिता लागू भएपछि राज्य सरकारका सबै कर्मचारीलाई निर्वाचन आयोग अधिनस्थ प्रतिनियुक्तिमा मानिन्छ। यस्तो कर्तव्यमा रहेको समय कुनै प्रकारको लापरवाही पाइए आयोगले उनीहरूविरूद्ध अनुशासनात्मक कारबाही गर्नसक्छ। लम्बित गैर-जमानती वारन्टहरूको निष्पादनलाई लिएर आयोगले पुलिसलाई भगौड़ा अपरधीहरूको सूची तत्काल बनाएर उनीहरूलाई पक्राउ गर्नको लागि विशेष खोजी अभियान शुरु गर्न निर्देश दिएको छ। थाना प्रभारी एवं निरीक्षक प्रभारीहरूलाई पनि आ-आफ्नो क्षेत्रमा अपराध सम्भावित संवेदनशील क्षेत्रहरूको पहिचान गर्ने अनि चुनावी हिंसामा सामेल रहेका असामाजिक तत्वहरूलाई चिन्हित गर्ने निर्देश दिइएको छ। आयोगले

सबै राजनीतिक दलहरूको चुनाउ प्रचार कार्यक्रमलाई पक्षपात नगरी सुरक्षा प्रदान गर्ने तथा चुनावी कार्यहरूमा खटिएका कर्मीहरूको सुरक्षा पनि सुनिश्चित गर्ने निर्देश दिएको छ।

**अमित शाह – कोलकाता भ्रमण**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालमा ममता ब्यानर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेस सरकारमाथि सुरक्षा संबंधी चूक र आर्थिक संकटको आरोप लगाउनु भएको छ। उहाँले मुख्यमन्त्री ममता ब्यानर्जीको अवैध आप्रवासीहरूलाई खुसी पार्ने नीतिको कारण पश्चिम बंगालका मजदुरहरूको कम मजदूरी र दयनीय अवस्था भएको आरोप लगाउनु भयो| श्री शाहले आज कोलकातामा जोनोगोनेर चार्जशीट कार्यक्रममा भाग लिनु भयो। पश्चिम बंगालमा तृणमूल कांग्रेसद्वारा १५ वर्षको दमन र कुशासनलाई उजागर गर्ने दस्तावेज अनावरण गरेपछि उहाँले पत्रकारहरुलाई सम्बोधन गर्नु भयो। मतदाता सूचीहरूको गहन संशोधनको मुद्दाको सन्दर्भमा, श्री शाहले निर्वाचन आयोगमाथिको आक्रमणको लागि ममता ब्यानर्जीको आलोचना गर्नु भयो। उहाँले भन्नु भयो अन्य राज्यहरूमा विशेष गहन पुनरीक्षण प्रक्रियाको क्रममा, न्यायालयहरूले हस्तक्षेप गर्नु पर्ने अथवा न्यायिक अधिकारीहरू नियुक्त गर्नु पर्ने कुनै उदाहरण थिएन। श्री शाहले तमिलनाडुमा डीएमके र केरलमा वामपंथी सत्तामा रहेका राज्यहरूमा पनि विशेष गहन पुनरीक्षण प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएको उल्लेख गर्नु भयो। राजनीतिक हिंसाको मुद्दामा, श्री शाहले पश्चिम बंगालमा विपक्षी दलहरूलाई समर्थन गरेको कारण ३०० भन्दा बढी मानिसहरू मारिएको बताउनु भयो। उहाँले मारिनेहरूमध्ये अधिकांश भारतीय जनता पार्टीका समर्थकहरू रहेको बताउनु भयो।

**लोकभवन कोलकाता**

कोलकाता स्थित लोकभवनमा आज पश्चिम बंगाल उपक्षेत्रका जनरल अफिसर इन कमाण्ड Maj Gen D K Singhले राज्यपाल आर.एन.रविसित भेट गर्नु भयो। उहाँले राज्यपाललाई वर्तमान सुरक्षा परिस्थितिहरू तथा क्षेत्रमा सैन्य कारवाहीबारे जानकारी प्रदान गर्नु भयो।

**मुख्यमन्त्री-निर्वाचन आयोग**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले भारतीय जनता पार्टी (भाजपा) र निर्वाचन आयोगमाथि कडा आक्रमण गर्नु भएको छ। उहाँले राज्यका वरिष्ठ प्रशासनिक र पुलिस अधिकारीहरूको सरुवा चुनावलाई प्रभाव पार्ने षड्यन्त्रको हिस्सा भएको आरोप लगाउनु भयो। उहाँले भन्नु भयो यो कदम भाजपालाई विधानसभा चुनावमा फाइदा पुऱ्याउने उद्देश्यले गरिएको थियो। पश्चिम वर्धमान जिल्लाको रानीगंजमा आज एक सार्वजनिक सभालाई सम्बोधन गर्नु हुँदै  ममता ब्यानर्जीले भाजपाले अब सबै सीमा पार गरेको दाबी गर्नु भयो। मुख्यमन्त्रीले स्थानीय अवस्थाको राम्रो बुझ्ने अधिकारीहरूलाई हटाएर प्रशासनलाई कमजोर पारिएको आरोप लगाउनु भयो । मुख्यमन्त्रीले रामनवमीको अवसरमा निकालिएको जुलुसको क्रममा रघुनाथगञ्जमा दोकानहरू लुटपाट गर्ने र सम्पत्तिमा क्षति पुऱ्याउने घटनाहरू भए तापनि प्रशासनिक नियन्त्रण हाल उहाँसंग नभएकोले त्यस घटनाको लागि आफू जिम्मेवार नरहेको बताउनु भयो।

**चुनाव आयोग- कूचबिहार**

भारतीय चुनाव आयोगको दिशानिर्देश बमोजिम आम मानिसहरूमा निर्भीक भएर आगामी विधान सभा चुनावमा मतदान गर्नका लागि विश्वास निर्माणको क्रममा कुचबिहार जिल्लामा जिल्ला पुलिस अधिकारीहरूले अर्धसैनिक बलका जवानहरूलाई लिएर आम मानिसहरूसित कुराकानी गरेका छन्। यस कुराकानीमा मानिसहरूसित निर्भिक भएर मतदान गर्न तथा चुनावमा हिन्सा, धम्कि, धान्धली आदि कसै गरि सहन नगरिने कुरा बताएका छन्। कसैले धम्काएको, बलजस्ती आफ्नो पक्षमा मतदान गर्न दबा दिएको अथवा प्रलोभन दिएको खण्डमा सोझै चुनाव आयोगको सहायता नम्बरमा शिकायत गर्न मानिसहरूलाई भनिएको छ। यसै क्रममा आज माथाभांगा विधान सभा क्षेत्रको एउटा महत्वपूर्ण नाका, कुचबिहार धक्षिण विधानसभा क्षेत्रको नाकामा चुनाव आयोगका फ्लाइंग टीमले जाँच गर्यो। अबैध रूपमा रूपियाँ पैसा लान ल्याउन आदर्श चुनाव संहिता बमोजिम वर्जित छ। केवल

50 हजार रूपियाँ सम्मको नगद वा सामान लान ल्याउन सकिन्छ। एक अर्को घटना क्रममा चुनाव आयोगले पश्चिम बंगालको मालदा जिल्लाका ४ विधानसभा निर्वाचन क्षेत्रका लागि पुलिस पर्यवेक्षकहरूको परिवर्तन गरेको छ|

**भागोप्रमो नेता भाजपामा सामेल**

पहाडको राजनीतिमा एउटा महत्वपूर्ण विकासक्रममा, मिरिकका भारतीय गोरखा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) का वरिष्ठ नेता सतीश थापा भारतीय जनता पार्टी (भाजपा) मा सामेल हुनु भएको छ। उहाँले पहिला मिरिक सब-डिवीजनमा भागोप्रमो को महासचिवको रूपमा काम गरि सक्नु भएको थियो। उहाँलाई पार्टीमा स्वागत गर्दै भाजपा नेताहरूले यो कदमलाई मिरिकमा संगठनको लागि ठूलो प्रोत्साहनको रूपमा वर्णन गरेका छन्। दार्जिलिङका सांसद राजु विष्टले आज जारी गर्नु भएको प्रेस विज्ञप्ति सतीश थापालाई पार्टीमा स्वागत जनाउनु भएको छ| श्री बिष्टले भन्नु भयो सतीश थापाको प्रवेशले मिरिकमा भाजपाको संगठनलाई अझ बलियो बनाउनेछ र यस क्षेत्रका जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले गरिएका प्रयासहरूलाई तीव्रता दिनेछ। उहाँले मिरिकका जनताले लामो समयदेखि प्रधानमन्त्रीको नेतृत्वमा आफ्नो विश्वास राख्दै आएको र यस क्षेत्रले केन्द्र सरकारको योजनाहरूबाट निरन्तर लाभ उठाउँदै आएको बताउनु भयो। सांसद बिष्टले भन्नु भयो मिरिक नगरपालिका क्षेत्रमा 'अमृत' योजना अन्तर्गत २०० करोड रुपियाँ र ग्रामीण क्षेत्रका लागि 'हर घर जल' योजना मार्फत त्यति नै रकम स्वीकृत गरिएको छ। मिरिक ब्लकमा ४९ करोड रुपियाँको लागतमा ७९ किमि सडक (१७ वटा PMGSY सडक) सम्पन्न भएको श्री बिष्टले बताउनु भयो। खरसाङ निर्वाचन क्षेत्रमा २७५ करोड रुपियाँको लागतमा ४१५ किमि ग्रामीण सडक निर्माण गरिएको छ। उहाँले मिरिक महकुमा अस्पतालको स्तरोन्नति र विभिन्न ठाउँमा वेलनेस सेन्टरहरूको निर्माण कार्य भइरहेको जानकारी पनि दिनु भयो। आगामी दिनहरूमा मिरिकको लागि थप नयाँ योजनाहरू पनि घोषणा गरिने सांसद बिष्टले प्रेस विज्ञप्तिमा जानकारी गराउनु भएको छ।

**भागोप्रमो- ओकाइटी**

भारतीय गोरखा प्रजातांत्रीक मोर्चाले आज मिरिक ओकेटीको तारसिङ डाँडा गाँवमा चुनाव प्रचार गर्यो। यस अवसरमा सार्वजनिक भवनमा भागोप्रमोको उमेदवार अमर लामलाई चुनाव प्रचारको क्रममा स्थानीय जनताहरु सँग परिचय गराइयो तथा यसपालीको भोट पार्टीलाई दिने आह्वान गरियो। उक्त सभामा 23नं समष्टि सभासद धुर्ब बोम्जन 23नं समष्टि अध्यक्ष समीर राई केन्द्रिय कमिटी सदस्य हेमकुमर तामाङ लगायत PGSD-1पंचायत सदस्यहरु सपन भण्डारी संगीत राई दिव्य तमाङ राई सुरेस तामाङ लागयत युवा प्रतिनिधि हरु सँगै कार्यकर्ताहरु को उत्साह जनक उपस्थिति रहेको थियो।

**खरसाङ भाजपा उम्मेद्वार सोनाम लामा**

खरसाङ विधानसभा समष्टिको भारतीय जनता पार्टीको उम्मेद्वार सोनाम लामाले आफ्नो जीतप्रति आशावादी रहेको बताउनु भएको छ। उहाँले आज खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै आफु लामो समयदेखि सामाजिक र राजनैतिक क्षेत्रमा काम गर्दै आईरहेको कारण सबैको साथ रहकोले जीतप्रति विश्वस्त रहेको बताउनु भयो । श्री लामाले भन्नु भयो खरसाङ क्षेत्रमा पर्यटन पूर्वाधार विकासित गराउन र खरसाङलाई व्यवस्थित गराउन काम गर्ने र पार्किङको समस्या समाधान गर्न पाईलेट प्रोजेक्ट तयार गर्ने योजना रहेको छ। उहाँले खरसाङ क्षेत्रमा देखिएको पार्किङको समस्या समाधान गर्न र चालकहरुको पक्षमा काम गर्न तयार रहेको बताउनु भयो। उहाँले खरसाङ बजार लगायत मिरिक, सुकना पानिघट्टा, सिटोङ, सेवक, टिस्टाभेल्ली, तकदाह, पेशोक, मङ्पु लगायत विभिन्न स्थानहरुमा काम गर्ने योजना रहेको बताउनु भयो।

**विश्व नाट्य दिवस**

विश्व नाट्य दिवसको उपलक्ष्यमा वैष्णवी प्रोडक्सन दार्जीलिङ द्वारा आज एक विशेष कार्यक्रमको आयोजना गर्दै नाट्य कर्मीहरुलाई सम्मान जनायो। कार्यक्रम संगीतकार वसन्त छेत्रीको अध्यक्षतामा सम्पन्न गरिएको थियो भने ख्यातिप्राप्त नाट्य तथा सिने कलाकारहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सुरुवातमा दिवंगत वरिष्ठ नाट्य कलाकार टी.बी. रसाइलीलाई श्रद्धाञ्जली अर्पण गरिएको थियो। यस बर्ष नाट्यकर्मी अनुप त्रिखत्री लगायत सरोज राणालाई सम्मान प्रदान गरियो भने नाट्य लगायत नृत्य क्षेत्रमा त्रिवेणी संगीतालयका नृत्य गुरु लह्मु शेर्पालाई सम्मान प्रदान गरियो। युवा नाट्यकर्मी को रुपमा यस बर्ष समिर शर्मालाई सम्मान प्रदान गरियो। कार्यक्रमका उपस्तिथ नाट्य कलाकारहरूको बाहुलीबाट सम्मान प्रदान गरिएको थियो। कार्यकर्म

अवधि वैष्णवी प्रोडक्सनका नाट्य टोली क्रमैले आदित्य राया, रिना राया, शिवानी छेत्री र आदर्श थामी द्वारा नाटक "खाली बेन्ची" प्रस्तुत गरिएको थियो भने नाट्य कलाकार जोसन योञ्जनद्वारा एकांकी नाटक प्रस्तुत गरिएको थियो। "नाटकको भविष्य" विषयलाई लिएर नाट्यकर्मी किरण ठकुरीले सारगर्भित मन्तव्य राखेका थिए भने वसन्त छेत्री, सरोज राणा लगायत अन्य वक्ताहरूले पनि नाटक सम्बन्धी आ–आफ्ना मन्तब्य राखे। आजको कार्यक्रमलाई थप रोचक बनाउंदै सुनिल शंकरले मनमोहक गीत प्रस्तुत गरे भने त्रिवेणी संगीतालयका विद्यार्थीहरुले नृत्य तथा नृत्य नाटिका मन्चन गरे। वैष्णवी प्रोडक्सनका तर्फबाट बिनय शंकर, रिना राया अनि शिवानी छेत्रीले कार्यक्रमलाई सम्बोधन गरे भने कमला लेप्चा द्वारा कार्यक्रमको सञ्चालन गरेको जानकारी वैष्णवी प्रोडक्सनका तर्फबाट रिना रायाले दिनु भएको छ।

## बक्सिङ च्याम्पियनसिप

सोनादाको तारा बक्सिङ एकाडेमीका 13 बक्सिङ खेलाडीहरु राज्य स्तरीय बक्सिङ च्याम्पियनसिपमा भाग लिन कोलकाता प्रस्थान गरेका छन्। केही समय अघि तारा बक्सिङ एकाडेमी सोनादाको आयोजनामा दार्जिलिङ जिल्ला स्तरीय बक्सिङ च्याम्पियनसिप सम्पन्न भएको थियो जसमा तारा बक्सिङ एकाडेमीका नानीहरुले उत्कृष्ट प्रदर्शन गरेका थिए। कोलकाता प्रस्थान हुन लागेका बक्सिङ च्याम्पियनसिपमा भाग लिने नानीहरुलाई सोनादामा शुभकामना दिएर प्रस्थान गराइएको छ। ती जुनियर बक्सिङ खेलाडीहरुले 29 मार्चदेखि कोलकाताको कालीघाटमा शुरु हुने राज्य स्तरी बक्सिङ च्याम्पियनसिपमा भाग लिने भएका छन्। राज्य स्तरीय बक्सिङ च्याम्पियनसिपमा भाग लिने जुनियर खेलाडीहरुमा पाल्जर तामाङ, छेवाङ भोटिया, सौगात थापा, शरण गुरुङ, अमन लिम्बु लगायत अन्यहरु रहेका छन्। यस अवसरमा तारा बक्सिङ एकेडेमी सोनादाका संस्थापक सुरेन्द्र तामाङ र कोच लामा सरले विस्तृत रुपमा जानकारी गराएका छन्।

## नेकपा एमाले विरोध प्रदर्शन

पूर्व प्रधानमंत्री तथा नेकपा एमाले अध्यक्ष के.पी.शर्मा ओली तथा पूर्व गुहमंत्री रमेश लेखकलाई आज एका बिहानै पक्राउ गरेपछि काठमाडौँ उपत्यकामा एमाले समर्थकहरूले ठूलो विरोध प्रदर्शन गरेका छन्। श्री ओलीको पक्राउको विरोधमा नेकपा-एमालेका कार्यकर्ताहरू काठमाडौँ उपत्यकामा आक्रोशित भएर सडकमा उत्रिएका छन्। अध्यक्षको पक्राउको विरोधमा, एमालेसँग सम्बद्ध जनसंगठनहरूले काठमाडौंको बबरमहलस्थित जिल्ला अदालत अगाडि टायर बालेर प्रदर्शन सुरु गरेका थिए। प्रदर्शनकारीहरूमाथि पुलिसले बल प्रयोग गर्न पर्यो। प्रदर्शकारीहरूलाई नियंत्रणमा ल्याउन पुलिसले लट्ठी चार्ज गर्न पर्यो। विरोधको क्रममा नेकपा-एमाले समर्थकका धेरै जनसंगठनहरूले संयुक्त रूपमा माइतीघर मण्डलाबाट विरोध मार्च सुरु गरेका थिए। प्रदर्शनकारीहरूले निषेधित क्षेत्रतर्फ जान खोज्दा प्रहरीले उनीहरूलाई रोक्न खोजेको थियो। पुलिसले प्रदर्शनकारीहरूलाई रोक्न खोज्दा पुलिस र प्रदर्शनकारीहरू बीच झड़प भयो, जसमा केहि प्रद्रशनकारीहरूलाई चोट पनि लागेको एमालेले दाबी गरेको छन्। माइतीघरबाट नयाँ बानेश्वरतर्फ सुरु भएको जुलुस बबरमहल पुगेपछि कार्यकर्ताहरूले सडकमा टायर बालेर यातायात अवरुद्ध गरेका थिए। सरकारविरुद्ध चर्को नाराबाजी गर्दै उनीहरूले आफ्ना अध्यक्ष ओलीलाई तत्काल रिहा गर्न माग गरिरहेका छन्। बबरमहल र माइतीघर क्षेत्रमा हाल ठूलो संख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको छ। यसै घटना क्रममा देशका अन्य भागहरूबाट पनि विरोध प्रदर्शनहरू शुरू भएको समाचार प्राप्त भइरहेका छन्।

**********